आज मिति २०८३ जेष्ठ ११ गते सोमबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा निम्नानुसारको निर्णय गरियोः

**उपस्थितिः**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री विकेन पौडेल | सचिव | |

प्रस्तावहरु:

१. आगामी आर्थिक वर्षको बजेट तथा कार्याक्रमका लागी सुझाव संकलन सम्बन्धमा।
२. नागरिकको उपचार खर्च सम्बन्धमा।
३. घाटको विषयमा समितिलाई जानकारी गराउने सम्बन्धमा।
४. समुदायिक विद्यालयसंग SEE को नतिजासंग सम्बन्धित विषयमा जनप्रतिनिधि तथा प्रधानाध्यापक बीच छलफल गर्ने सम्बन्धमा।
५. SEE को पुरक परिक्षा सञ्चालनका लागी गाउँपालिकामा माग गर्ने सम्बन्धमा।
६. जेन्जी समुहले प्रधानमन्त्री कार्यालयमा पठाएको पत्रको सम्बन्धमा।
७. मार्वुखोला लघु जलविद्युतको मर्मत गरेको ट्रान्सफर्मरको भुक्तानी सम्बन्धमा।
८. तोरी मिलमा ज्यालादारीमा काम गरेको भुक्तानी सम्बन्धमा।
९. प्रशासकीय भवनको रनिङ बिल सम्बन्धमा।
१०. अलैंची प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।
११. छिम्बु सेटे सडक स्तरोनन्ति तथा ट्रयाक ओपन सम्बन्धमा।
१२. कुलपुजाका लागी खरिद गरिएका कुर्सी तथा डेक्चीको भुक्तानी गर्ने सम्बन्धमा।
१३. म्याद थप सम्बन्धमा।
१४. विपदको भुक्तानी गर्ने सम्बन्धमा।
१५. बीउ पूजी कोष हस्तान्तरण गर्ने सम्बन्धमा।
१६. एम्बुलेन्सलाई पेट्रोल सहयोग गर्ने सम्बन्धमा।
१७. लिखु पिके गाउँपालिकाभित्र रहेका हाइड्रोपावरको सम्बन्धमा।

प्रस्ताव नं १ माथि छलफल गर्दा आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा समावेश गरिने विषयमा विभिन्न राजनितिक दल, नागरिक समाज लगायतका अन्य सरोकारवाला निकायबाट राय सुझाव लिखित रुपमा लिनलाई पत्राचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र रहेका विपन्न, अशक्त, असाहाय नागरिकलाई यस गाउँपालिकाले बनाएको कार्यविधिको अधिनमा रहि आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा साविकको चौलाखर्क गा.वि.स. वडा नं ८ हालको लिखु पिके गाउँपालिका वडा नं ३ राङ्दामा रहेको कित्ता नं ११६ को जग्गा नापी कार्याकय सोलुखुम्बुको मिति २०८२\१२\२४ गतेको पत्र बमोजिम सो कित्ता फिल्डबुक तथा प्लट रजिष्टरमा दर्ता नरहेको

जानकारी आएकोले सो जग्गामा के कति कारणले सुन्तलाको बीरुवा रोपिएको हो, सो बारेमा जानकारी गराउन नुम्बुर हिमाल हाइड्रोपावरलाई पत्रचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा सामुदायिक विद्यालयमा SEE नतिजा को विषयमा रहने गरि लिखु पिके गाउँपालिकाका प्रधानाध्यापक ज्यू हरुलाई पत्राचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो। साथै, विभिन्न मितिमा

प्रस्ताव नं ५ माथि छलफल गर्दा पुरक परिक्षा यँही गाउँपालिकामा हुँदा परिक्षार्थीलाई सहज हुने भएकाले सो व्यवस्था गरिदिनुहुन जिल्ला शिक्षा इकाई, सोलोखुम्बुलाई पत्राचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय तहको क्षेत्र बाहिर रहेका मागहरु सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय सर्वसम्मतले पारित हरियो।

प्रस्ताव नं ७ माथि छलफल गर्दा वडा नं ५ ओडारे मार्वुखोला लघु जलबिघुतको ट्रान्सफर्मरको मर्मत सम्पन्न भएकोले भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिकाले सञ्चालन गरेको तोरी मीलमा दैनिक ज्यालादारीमा काम गरेकोले सो काम गरे वापतको भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ९ माथि छलफल गर्दा कन्सल्टेन्ट हायर गरी बिल बमोजिमको भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १० माथि छलफल गर्दा सम्बन्धिक कृषकलाई बोलाएर छलफल गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं ११ माथि छलफल गर्दा लिखु पिके गाउँपालिका वडा नं ५ भकान्जेको किन्जा छिम्बु सेटे सडक स्तरोनन्ति तथा ट्र्याक ओपनका लागी भौतिक पूर्वाधार मन्त्रालय, कोशी प्रदेशमा दुई करोड माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो। साथै, वडा नं ३ चौलाखर्कको छिकम, दोर्मा किचाड गोरेटो बाटो, सोलिड तथा जाली वाल निर्माणका लागी तीन करोड माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र कुल पुजा गर्दै आएका समुदायहरुमा वितरण गर्नका लागि प्रस्ताव माग गरि श्री वि.एन.एस. ट्रेडर्स, मन्थली रामेछापबाट ६०० थान प्लाष्टिक कुर्सी र २९ थान ठुलो डेक्ची यस गाउँपालिका कार्यालयमा दाखिला गरि सामाग्रीहरु वितरण समेत गरिसकेको हुँदा उक्त श्री वि.एन.एस. ट्रेडर्स मन्थली रामेछापले भुक्तानीका

लागि रु. ८८०,९४८।– (आठ लाख असी हजार नौ सय अड्चालीस) को बिल पेश गरेको हुँदा उक्त रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं १३ माथि छलफल गर्दा ठेक्का नं NCB/WORKS/LPKRM/2082/83-01 POkhari Tanbe Construction ले म्याद थप गरिपाउँ भनी निवेदन पेश गरेको सम्बन्धमा काम सम्पन्न गर्नका लागी ज्येष्ठ मसान्तसम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १४ माथी छलफल गर्दा वडा नं १ काप्टीमा बाडी पहिरोबाट सिर्जित विपद गएकोले सो समाधानका लागी पालिकास्तरीय विपद समितिबाट सिफारिस भएबमोजिम प्राविधिकबाट जारी भएको बिलबमोजिम भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १५ माथि छलफल गर्दा महिला समुह आमा समुह बीउँ पूजी कोष स्थापानामा विनियोजित दुई लाखमा वडा नं ३ र वडा नं ४ लाई एक एक लाखका दरले बीउँ पूजी हस्तान्तरण गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १६ माथि छलफल गर्दा एम्बुलेन्स समितिलाई हालको अवस्थामा एम्बुलेन्स सेवा सञ्चालन गर्न कठिनाई रहेकाले गाउँपालिकाबाट काठमाडौं जानलाई २० लिटर तेल तथा गाउँपालिकाको वडा नं ३ बाहेक सम्पूर्ण क्षेत्र जानलाई एक लिटर तेल उपलब्ध गराउने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं १७ माथि छलफल गर्दा लिखु पिके गाउँपालिकाभित्र पान हिमालय इनर्जी लि. (लिखु–१ ज.वि.आ.), ग्लोबल हाइड्रोपावर एसोसिएट लि. (लिखु–२ ज.वि.आ.) तथा नुम्बुर हिमालय हाइड्रोपावर लि. (लिखु खोला 'ए' ज.वि.आ.) कम्पनीहरूले निर्माण गरेको ३३ के.भि. प्रसारण लाइन स्थानीय ग्रामीण विद्युतीकरणका लागि अत्यन्त उपयोगी रहेकोले उक्त प्रसारण लाइन नेपाल विद्युत प्राधिकरणमार्फत सञ्चालन तथा मर्मत–सम्भार हुने गरी र उक्त हाइड्रोपावरहरुको मूल्याङ्कन गर्दा नेपाल विद्युत प्राधिकरण तथा हाइड्रोपावरको प्रतिनिधिको उपस्थिति तथा गाउँपालिकाको रोहवरमा हस्तान्तरण गरिदिने तथा सो लाई सामाजिक उत्तरदायित्वको रुपमा उपयोग गर्ने विषयमा सम्बन्धित हाइड्रोपावर कम्पनीहरूलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।